बैठक संख्याः- ३

आज मिति २०७९ साल जेठ २२ गते आईतबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रा देवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं. वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा कार्यवाहक अध्यक्ष | श्री ~~अजय सार्की~~ अग्नि प्रसाद सिटौला | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला ~~वि.क.~~ राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

१) **निर्णय नं १-** बिर्तामोड नगरपालिका वडा न ३ स्थित बिर्ताबजारमा कृषि बजार तथा सामुदायिक भवन निर्माण सम्बन्धमा छलफल हुँदा साबिक अनारमनि गाविस हाल बिर्तामोड नगरपालिका वडा नं ३ मा रहेको बिर्ताबजारमा साबिकमा बिर्तामोड नगरपालिकाद्धारा निर्माण गरिएको टहरामा व्यापार व्यवसाय गरी रहेका व्यवसायीहरुलाई उक्त स्थानमा बिर्ताबजार कृषि तथा सामुदायिक भवन निर्माणको लागि ठेक्काको प्रक्रियाबाट निर्माण प्रारम्भ गर्न व्यवसायीहरुलाई उक्त टहरा खाली गरिदिनका लागि गरिएको अनुरोधमा व्यवसायीहरुले ३ नं वडाका वडा अध्यक्षज्यूसँगको छलफलमा मिति २०७९।०२।२६ गते बिहिबार सम्ममा टहराखाली गरिदिने प्रतिवद्धता गरेको भन्ने वडा अध्यज्यूले जानकारी गराउनु भएकाले सोही बमोजिम २०७९।०२।२७ गतेबाट पुराना टहरा भत्काउने र नयाँ भवन निर्माण सुरु गर्न ठेक्कदारलाई अनुरोध गर्ने निर्णय गरियो ।

२) **निर्णय नं २-** नेपाल सरकारको निर्णय बमोजिम गत २०७९।०२।०१ गतेबाट आईतबारलाई समेत सार्वजनिक विदा हुँदै आईरहेकोमा स्थानीय नगरबासी, विद्यालय र विद्यार्थीको माग समेतलाई ध्यानमा राखी उक्त आईतबारको विदालाई निरन्तरता दिन नसकिने विषयमा सहमति भई आगामी मति २०७९।०३।०१ गते देखि आईतबारको विदालाई कटौती गरी साविक(मिति २०७९ जेठ १ गते भन्दा अघिकै) बमोजिमकै विदा र समयलाई निरन्तरता दिने निर्णय गरियो ।

३) **निर्णय नं ३-** बिर्तामोड नगरपालिका वडा नं ३ स्थित बिर्ताबजारमा **बिर्ताबजार कृषि तथा सामुदायिक भवन** यही मिति २०७९।०२।२७ गतेबाट निर्माण प्रारम्भ गरिने भएकाले त्यस स्थानमा व्यापार व्यवसाय गरि बसिरहेका व्यापारी व्यवसायीहरुलाई भवन निर्माण सम्पन्न नहुदाँसम्म व्यापारी व्यवसायीहरुका लागि वजार व्यवस्थापन गर्नुपर्ने भएको हुदाँ उक्त विषयमा छलफल हुँदा हाललाई बिर्तामोड नगरपालिका वडा नं ३ स्थित श्री महेन्द्र रत्न माध्यमिक विद्यालयको कम्पाउण्ड बाहिर रहेको जग्गामा

बिर्तावजारको कृषि तथा सामुदायिक भवन निर्माण सम्पन्न भएपछि स्वत खाली गरिदिने गरी बजार व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिलाई जग्गा उपलब्ध गराईदिन अनुरोध गर्ने निर्णय गरियो।

४) निर्णय नं ४ आ व ०७९।८० का लागि तपशिल बमजिमका थप योजनाहरु प्रदेश मन्त्रालय सँग माग गर्ने निर्णय गरियो।

तपशिल

| सि न | योजनाको विवरण | वडा नं |
|---|---|---|
| १ | सूर्यनगर पश्चिम मुसीचोकहुँदै अर्जुनधारा वडा नं ५ जोड्ने बाटो ढल तथा कालोपत्रे | १ |
| २ | श्रीजङ्गाको शालिकबाट उत्तर बरपिपरचोक हुँदै मुसीचोक जोड्ने बाटो ढल तथा कालोपत्रे | १ |
| ३ | बहुजाति बहुभाषी बहुसास्कृतिक संग्रहालय सहितको झापा नाटकघर भवन निर्माण | १ |
| ४ | वडा नं १ को पाथिभरा मन्दिर संरक्षणको लागि अदुवा खोला तटबन्धन | १ |
| ५ | महेन्द्र राजमार्गबाट उत्तर देवी पञ्चकन्या शिवालय मन्दिर हुदै अर्जुनधारा रिङरोड सिमानासम्म जोड्ने शिवालय मार्ग ढल तथा कालोपत्रे | १ |
| ६ | चैतुबारी सोमबारे बगान हुँदै अदुवा खोला पुलसम्म जानेबाटो ढल तथा कालोपत्रे | २ |
| ७ | चैतुबारीबाट कुमालबाढी हुँदै दक्षिण बगानसम्म जानेबाटो ढल तथा कालोपत्रे | २ |
| ८ | चैतुबारी स्कुल उत्तरबाट टंक मैनालीको घर हुँदै त्रिवेणीचोक सम्म जानेबाटो ढल तथा कालोपत्रे | २ |
| ९ | मिन राजवंशीको घरपूर्वबाट उत्तरतर्फ साङ्गावेद नयाँनगर स्वास्थ्य चौको हुँदै बैसावाडी सडक जोड्नेबाटो ढल तथा कालोपत्रे | २ |
| १० | चैतुबारी बिहिवारे सडक ढल तथा कालोपत्रे | २ |
| ११ | चारपाने राजगढ सडक पश्चिम बरगाछी पाथिभरा सडक कालोपत्रे | २ |
| १२ | कछुबारीबाट गाईफार्म हादै फुलबारी सडकसम्म जानेबाटो ढल तथा कालोपत्रे | २ |
| १३ | घनश्याम दाहालको घर उत्तर हुँदै फडिराज कट्टेलको घर अघि अर्जुनधारा ५ जोड्नेबाटो ढल तथा कालोपत्रे | २ |

२०७९।०१।११

CamScanner

| | | |
|---|---|---|
| १४ | राधाकृष्ण टोलबाट पुजा प्लाईसम्म जानेबाटो ढल तथा कालोपत्रे | २ |
| १५ | बेलगाडीस्कुल पश्चिम गिरी गाउँ बगान हुँदै बालुवाटार जानेबाटो ढल तथा कालोपत्रे | २ |
| १६ | महेन्द्र राजमार्ग दक्षिण ६ किलोमिटर घाग्राखोला तटबन्धन | २ |
| १७ | विराट पोखरी पर्यटकीय क्षेत्र संरक्षण र संवर्द्धन | ३ |
| १८ | यातायातबाट महेन्द्रराजमार्ग जोड्ने बाटो ढल तथा कालोपत्रे | ३ |
| १९ | गोमेन्द्र चोकबाट यातायात जोड्ने बाटो ढल तथा कालोपत्रे | ३ र ४ |
| २० | मेची आखाँ अस्पताल पूर्व वडा नं ३ बाटउत्तर दधिराम सिटौलाको घर हुँदै गंगा प्रसाईको घरसम्म जानेबाटो ढल तथा कालोपत्रे | ३ र ४ |
| २१ | सैनिकमोडबाट करेला बारी हुँदै ग्रमकालीटोल हुँदै विराट पोखर प्राली बाट विराट पोखर जोड्ने बाटो ढल तथा कालोपत्रे | ३ र १० |
| २२ | वडा नं ४ र ६ को सिमानामा रहेको धरधरे खोला तटबन्धन | ४ र ६ |
| २३ | रुद्र स्कुलबाट पूर्व माधव चौलागाईको घर हुँदै बसपार्क जोड्ने बाटो कालोपत्रे | ५ |
| २४ | सुगम पम्प उत्तर गणपति बेकरी हुँदै बसपार्क जोड्ने बाटो ढल तथा कालोपत्रे | ५ |
| २५ | बालाजी टोल शनिश्चरे रोडबाट सिनेप्लाजा जोड्ने बाटो ढल तथा कालोपत्रे | ५ |
| २६ | सुगम पेट्रोल पम्प दक्षिण वडा नं ५ र ६ सिमाना हुँदै ईन्द्रचन्द्र(देबीक्याम्पस) जानेबाटो ढल तथा कालोपत्रे | ५ र ६ |
| २७ | सरस्वती मा वि हुँदै गोपी प्रसाईको घर जोड्ने बाटो ढल तथा कालोपत्रे | ६ |
| २८ | बस पार्क दक्षिण छत्र गिरी, भक्ति अधिकारीको हुँदै बेलगाछी जानेबाटो | ६ |
| २९ | बुट्टाबारी सरस्वती मार्ग देखि कला मार्ग जोड्ने सडक ढल तथा कालोपत्रे | ६ |
| ३० | कला मार्ग दक्षिणा नर बहादुर कार्कीको घर हुँदै बिरान मार्ग जोड्ने सडक ढल तथा कालोपत्रे | ६ |
| ३१ | कला मार्ग देखि रिजाल गाउँ हुदै वडा नं ७ जोड्ने बाटो ढल तथा कालोपत्रे | ६ |
| ३२ | बासुबरालको पश्चिम सिमाना देखि पूर्व सिताराम टोल हुँदै देउनिया खोला जोड्ने वडा नं ६ र ७ को सिमानासम्मको बाटो ढल तथा कालोपत्रे | ६ र ७ |
| ३३ | एल पि सिटौला र पूर्व चियाबारीबाट पूर्व नयाँ वडा कार्यालय भवन जोड्ने रेखाखोलामा पुल निर्माण | ७ |

CamScanner

| | | |
|---|---|---|
| ३४ | कञ्चन विरान स्कुलदेखि दक्षिण मिलडाँडा हुदै हर्चना जोड्ने बाटो ढल तथा कालोपत्रे | ७ |
| ३५ | हर्चना खोला तटबन्धन निर्माण | ७ |
| ३६ | नयाँ जनता स्कुलबाट उत्तर नयाँ वडा कार्यालय भवनसम्म जाने बाटो ढल तथा कालोपत्रे | |
| ३७ | प्याकुरेल चोकबाट भेलागडी जोड्नेबाटो ढल तथा कालोपत्रे | ८ |
| ३८ | दुर्गा मा बि पश्चिम शहिदचन्द्र मार्ग जाने बाटो ढल तथा कालोपत्रे | ९ |
| ३९ | बाटुबारी सम्झना चोक पश्चिम वडा नं १० जोड्ने बाटो ढल तथा कालोपत्रे | ९ |
| ४० | विराटपोखर मिल पश्चिम विराट आधारभूत विद्यालय हुँदै तेलगानी जाने बाटो ढल तथा कालोपत्रे | १० |

# बिर्तामोड नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
१ नं. प्रदेश, नेपाल ।

☎ ०२३-५४०२४४


पत्र सख्यां. :२०७८/०७९(प्रशासन शाखा)
च.नं. : ८८२२

मितिः- २०७९।०२।२४

विषयः- निर्णय पठाईएको बारे।

श्री वडा अध्यक्षज्यू सबै,
बिर्तामोड नगरपालिका बिर्तामोड, झापा ।

प्रस्तुत विषयमा बिर्तामोड नगरपालिका कार्यापालिकाको मिति २०७९।०२।२२ गते बसेको बैठकले गरेका निर्णयहरु यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

...................................
विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत


Email : info@birtamodmun.gov.np, btmnp53@gmail.com || Website : birtamodmun.gov.np

"पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि,
सभ्य र स्वस्थ नागरिक, बिर्तामोड नगरपालिकाको समृद्धि"

CamScanner